स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसीको पहिलो फिल्म थियो, 'होस्टेल' । फिल्म सफल हुँदा उनी 'स्टार' कहलिए । यसको दोस्रो श्रृंखलाबाट भने सुशील श्रेष्ठ, स्वस्तिमा खड्का, नाजिर हुसेनको डेब्यू भयो । अब यो फिल्मको तेस्रो श्रृंखला पनि निर्माण हुने भएको छ । पोस्टर सार्वजनिक गर्दै 'होस्टेल ३'को घोषणा गरियो । यसलाई गायक समेत रहेका सशान कँडेलले निर्देशन गर्ने भएका छन् । 'होस्टेल'को अघिल्ला दुई श्रृंखला निर्माण गरेका सुनिल रावल तेस्रो श्रृंखलामा भने कलाकारको रुपमा मात्र रहनेछन् ।

**आजको विचार...**



गणेश ज्ञवाली

पाल्पाका... (दुई पेजमा)



अभिनेता प्रदीप खड्कालाई शीर्ष भूमिकामा लिएर सुदर्शन थापाले नयाँ लभस्टोरी फिल्म निर्देशन गर्ने भएका छन् । निर्माता तथा निर्देशक थापा र अभिनेता खड्काबीच लिखित सम्झौता भएको छ । फिल्मको प्रमुख भूमिकामा प्रदीपलाई साइन गराएको बताए ।

अन्त्य गरौं लैङ्गिक हिंसा र दुर्व्यवहार : व्यक्ति, समाज र राष्ट्र जिम्मेवार

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

❑ वर्ष २९ ❑ अंक २५८ ❑ २०८१ वैशाख ६ गते बिहीबार 18 April 2024, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## लुम्बिनी प्रदेश सभामा मिल्यो भागबण्डा

# १७ महिनापछि संसदीय समितिमा नेतृत्व

**रामचन्द्र रायमाझी**

**पाल्पा,** वैशाख ५/लुम्बिनी प्रदेश सभामा दोस्रो कार्यकालका लागि संसदीय निर्वाचन भएको १७ महिनापछि संसदीय समितिमा नेतृत्व चयन भएको छ । प्रदेशसभाका ७ वटा विषयगत समितिमा दलहरुबिच भागबण्डा मिलेपछि सर्वसम्मत नेतृत्व चयन भएको हो ।

प्रदेश सभाका सदस्यहरूले २०७९ पुस १७ गते शपथ लिएका थिए । सभाको पहिलो अधिवेशन गत पुस १८ मा सुरु भएको थियो भने माघ ३ मा सभामुख तथा उपसभामुख चयन भएका थिए । गत ३० असारको प्रदेशसभा बैठकले समितिमा रहने सदस्यको टुङ्गो लगाएको थियो । तर दलहरूबीचको द्वन्द्व, भागबन्डा र गुटबन्दीका कारण समितिले नेतृत्व पाउन सकेको थिएन् । दोस्रो





कार्यकालका लागि संसदीय निर्वाचन भएको १७ महिनापछि बल्ल संसदीय समितिले नेतृत्व पाएको हो । प्रदेश सरकारको कामकाजको खबरदारी र कानुन निर्माण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने संसदीय समितिहरूले लामो समयसम्म नेतृत्व पाउन नसक्दा प्रदेश सांसदको सक्रियतामै प्रश्न उठ्दै आएको थियो । प्रदेश सभामा छ वटा विषयगत समिति र एक विशेषाधिकार समितिका लागि मंगलबार एकल उम्मेदवारी परेपछि बुधबार निर्विरोध निर्वाचित भएको घोषणा गरिएको हो । दलहरुका बीच विषयगत समितिमा सहमति कायम गरी सर्वसम्मत नेतृत्व चयन गरिएको लुम्बिनी प्रदेशसभा सचिवालयले जनाएको छ । प्रदेशसभा सचिव दुर्लभकुमार पुन मगरका अनुसार एमालेका तर्फबाट भौतिक पूर्वाधार तथा विकास समितिको सभापतिमा अर्घाखाँची निर्वाचन क्षेत्र २ (२) का सांसद रामजीप्रसाद घिमिरे, अर्थ उद्योग तथा पर्यटन समितिको सभापतिमा पाल्पा निर्वाचन क्षेत्र १ (१) का सांसद राजु श्रेष्ठ र विशेष अधिकार समितिको सभापतिमा कपिलवस्तुका गिरीधरीलाल न्यौपाने निर्वाचित भएका छन् । यस्तै काँग्रेसबाट कृषि, वन तथा वातावरण समितिको सभापतिमा नवलपरासी निर्वाचन क्षेत्र १ (१) का सांसद विश्वप्रेम पाठक, सार्वजनिक लेखा समिति सभापतिमा बाँकेकी माया पुन निर्वाचित भए । माओवादी केन्द्रबाट प्रदेश मामिला तथा कानुन समितिमा रुकुम पूर्वकी सांसद दिलकुमारी बुढा र सामाजिक विकास समितिको सभापतिमा गुल्मीका यमबहादुर नेपाली सार्की निर्वाचित भएको प्रदेशसभा सचिव पुनले जानकारी दिए । निर्वाचित घोषणा गरेलगत्तै सभापतिहरूलाई सभामुख तुलाराम घर्ती मगरले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन् ।

समितिका सदस्यको टुङ्गो लगाए १० महिना हुँदा पनि समिति नेतृत्वका विषयमा दलहरुबीच सहमति बन्न नसक्दा १७ महिना संसदीय समिति नेतृत्व विहीन बन्यो । २०७९ मंसिर ४ गते भएको संसदीय निर्वाचनपछि लुम्बिनी प्रदेशमा तीनवटा सरकार फेरिँदा पनि मिनी संसद्को रुपमा हेरिने विषयगत समितिको नेतृत्व चयन हुन नसक्दा प्रदेशसभा विजिनेसविहीन जस्तै बनेको थियो । यद्यपी जेष्ठ सदस्यको अध्यक्षतामा भने बैठक बस्दै आयो । २०७४ को प्रदेशसभा नियमावलीमा सभापतिको निर्वाचन नभएको अवस्थामा जेष्ठ सदस्यले सभापतित्व गर्ने र बैठक बस्ने, बैठक बसेको एक महिनाभित्र सभापति निर्वाचन गर्ने व्यवस्था थियो तर, ०७९ मा बनेको प्रदेशसभा नियमावलीमा सभापति चयन नहुँदासम्म जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने उल्लेख भएकाले हालसम जेष्ठ सदस्यको अध्यक्षतामै बैठक बस्दै आएको हो । तर समितिमा नेतृत्व नहुँदा समितिका विषयगत काम प्रभावकारी बन्न भने सकेका थिएनन् ।

## संक्षिप्त समाचार

### वर्षाजन्य दुर्घटनामा ७१ को मृत्यु, ६७ घाइते

**(रासस/सिन्ह्वा)**

**इस्लामावाद,** वैशाख ५/भारी वर्षासहितको मौसमी विचलनले शनिबारदेखि पाकिस्तानका विभिन्न क्षेत्रमा विनास मच्चाएको छ । विनासका कारण ७१ जनाको मृत्यु हुनुका साथै ६७ जना घाइते भएको एक अधिकारीले बुधबार सिन्ह्वालाई बताएका छन् । राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए) का अधिकारीका अनुसार उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्त सबैभन्दा बढी प्रभावित क्षेत्र बन्यो, जहाँ घटनाका कारण ३२ जनाको ज्यान गएको थियो । अधिकारीका अनुसार खैबर पख्तुनख्वामा मृतक मध्ये १५ जना बालबालिका र पाँच महिला छन् । घाइते हुनेमा ४१ जना रहेका छन् भने एक हजार तीन सय ७० घरहरू क्षतिग्रस्त भएका छन् । यसैगरी पूर्वी पञ्जाब प्रान्तमा २३ जनाको ज्यान जानुका साथै सात जना घाइते भएका छन् । दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा आठ जनाको मृत्यु भयो भने अन्य आठ जना घाइते भएको अधिकारीले बताए ।

## आचारसंहिता उल्लंघन गरे कारवाही



**पाल्पा,** वैशाख ५/निर्वाचन आयोगले निर्वाचन आचारसंहित उल्लंघन गरे कारवाही गर्ने चेतावनी दिएको छ । यही वैशाख १५ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा उपनिर्वाचनमा कोही कसैले आचारसंहित उल्लंघन गरे कारवाही गरिने आयोगले चेतावनी दिएको हो ।

आचारसंहिता विपरीत सामाजिक सञ्जाल वा सञ्चारमाध्यमको दुरुपयोग गरेमा तत्काल कारवाही प्रक्रिया अघि बढाउने बताइएको छ । प्रतिनिधि सभाको इलाम क्षेत्र नं २ र बझाङको प्रदेशसभा निर्वाचन क्षेत्र नं (१) मा हुने उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्न गत चैत २८ गतेदेखि निर्वाचन सम्पन्न नभएसम्म आचारसंहिता लागू हुनेछ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा जारी विज्ञप्तिमा आचारसंहितामा अन्य विषयका अतिरिक्त सामाजिक सञ्जालबाट गलत, भ्रामक र द्वेषपूर्ण सूचना प्रकाशन तथा प्रसारण गर्न गराउन नहुने, निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा एकाउन्ट सञ्चलन गर्न वा झुटा साइट खोल्न वा सञ्चालन गर्न वा गराउन नहुने, निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले कसैलाई होच्च्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने तथा कसैको भ्रामक टीकाटिप्पणी गर्न, गराउने नहुने व्यवस्था रहेको स्मरण गराइएको छ ।

## रुपन्देहीको रोहिणी खोला किनारमा पेट्रोलियम भण्डारण निर्माण हुँदै

**भैरहवा,** वैशाख ५/नेपाल आयल निगमले रुपन्देहीको रोहिणी खोला किनारमा पेट्रोलियम भण्डारण गृह निर्माण प्रक्रिया अघि बढाएको छ । रुपन्देहीको ओमसतिया र रोहिणी गाउँपालिकाको सीमा क्षेत्रस्थित रोहिणी खोला किनारमा तटबन्ध निर्माण र जमीन पुर्ने कार्यको थालनी गरिएको छ । ओमसतिया गाउँपालिकाका अध्यक्ष मञ्जितकुमार यादव र रोहिणी गाउँपालिकाका अध्यक्ष विद्याप्रसाद यादवले बुधबार संयुक्तरूपमा उक्त कार्यको शुभारम्भ गरे ।



रुपन्देहीको भलबारी डिपोको भण्डारण क्षमता कम भएको तथा बस्ती नजिक रहेकाले निगमले खरिद गरेको १३ दशमलव पाँच बिघा जग्गामा नयाँ भण्डारण गृह निर्माण गर्न लागिएको निगमले जनाएको छ । सो भण्डारण लुम्बिनी प्रदेशको २० दिनको माग धान्नेछ । निगमले पेट्रोलियम पदार्थको भण्डारण क्षमता अभिवृद्धिका लागि देशका विभिन्न स्थानमा भण्डारण गृह निर्माण गर्दै आएको छ । कार्यक्रममा रोहिणी गाउँपालिकाका अध्यक्ष विद्याप्रसादले परियोजना निर्माणमा स्थानीय सरकारले पूर्ण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै निगमले स्थानीयवासीको चासो सम्बोधन गरिदिनुपर्नेमा जोड दिए । ओमसतिया गाउँपालिकाका अध्यक्ष मञ्जितकुमारले स्थानीय जनतालाई रोजगारी दिने तथा यस क्षेत्रको विकासमा ध्यान दिन आग्रह गरे । करिब तीन अर्ब लागतमा भण्डारण गृह निर्माण गर्न लागिएको भण्डारण गृह निर्माण परियोजनाका संयोजक प्रदीप यादवले जानकारी दिए । सो स्थानमा डिजेल भण्डारणका लागि दुई हजार एक सय किलोलिटर क्षमताका तीन, पेट्रोल भण्डारणका लागि एक हजार छ सय किलोलिटर क्षमताका दुई र मट्टितेल भण्डारणका लागि ७० किलोलिटर क्षमताका तीन वटा ट्याङ्की निर्माण गरिने छ । भण्डारण निर्माण भएसँगै हालको भलबारी डिपो यहाँ सर्नेछ । भण्डारण डिपोलाई बाढीबाट जोगाउन दुई मिटर अग्लो बाँध निर्माण गरी जमिन पुरिने परियोजना संयोजक यादवले जानकारी दिए । आगामी असारसम्म तटबन्ध लगाउने र जमिन पुर्ने काम सम्पन्न गरिने जानकारी दिँदै उनले असोजभित्र परियोजनाको डिजाइन सम्पन्न गरिने बताए । परियोजनाको डिजाइन काठमाडौं विश्वविद्यालयले गर्नेछ । आगामी मङ्सिरमा भण्डारण परियोजना निर्माणको शिलान्यास गर्ने र विसं २०८३ भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ । काठमाडौं विश्वविद्यालयका प्राध्यापक विवेक बरालले विश्वविद्यालय र निगमबीच लामो समयदेखि सहकार्य रहँदै आएको उल्लेख गर्दै मुलुकको ऊर्जा सुरक्षाका लागि भण्डारण गृह निर्माण महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । **-रासस**

## सन्तोष चलचित्र मन्दिरमा...



सन्तोष चलचित्र मन्दिर तानसेनमा भव्यताका साथ दैनिक ३ शो प्रदर्शन भइरहेको छ अत्याधिक दर्शकले मन पराएका कलाकार दयाहाङ राई, आचल शर्मा र बुद्धि तामाङको नेपाली चलचित्र **'डिग्री माइला'** ।

*पहिलो शो : ११:३० बजे, दोस्रो शो : २:३० बजे र तेश्रो सो साँझ ५:३० बजे*

*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सम्पदा संरक्षणमा गम्भीर बन

सम्पदा त्यो देशको पहिचान र सभ्यता हो । हरेक मुलुकको आफ्नै सम्पदा, मौलिक सभ्यता, संस्कृति र संस्कार हुन्छ । यी नै त्यो मुलुकको परिचय र राष्ट्रिय गौरवको विषय पनि हो । हाम्रो सभ्यतालाई चुनौती दिनसक्ने हैसियत कसैमा छैन तर हामीले हाम्रो सभ्यताको धरोहर सम्पदा संरक्षणमा पटक्कै चासो दिएका छैनौँ । यसलाई मुलुकको समृद्धिसँग जोड्न पनि सकेका छैनौँ । यो अत्यन्त दुःखको कुरा हो । अन्य मुलुकले कृत्रिम संरचना बनाएर लाखौँ पर्यटक आकर्षित गरिरहेका छन् तर हामीकहाँ हजारौँ वर्ष पुराना संरचना खण्डहर बनाइएका छन् । सम्पदा संरक्षण समृद्धिको आधार हो भन्ने बुझ्न र बुझाउन सकिएको छैन । विश्व सम्पदाको संरक्षण तथा सम्वर्द्धनका लागि नयाँ पुस्तालाई जागरुक बनाउन हरेक वर्ष अप्रिल महिनाको १८ तारिखमा विश्व सम्पदा दिवस मनाउने गरिन्छ । आज पनि नेपालसहित विश्भर यो दिवस मनाइँदै छ । तर हरेक वर्ष यो दिवस मनाउने गरे पनि सम्पदा संरक्षणमा कसैको पनि ध्यान जान सकेको छैन ।

नेपालमा रहेका अनेक बहुमूल्य प्राकृतिक सम्पदाहरू नष्ट भइसकेका छन् भने अन्य त्यस्तै सम्पदाहरू अति जोखिममा परेका छन् । अन्य सम्पदाहरूको तुलनामा यहाँका भौगर्भिक सम्पदाहरू अझै बढी जोखिममा परेका छन् । सडक विस्तार तथा खोलामा भइरहेको मानवजन्य अव्यवस्थित क्रियाकलापले नेपालमा भौगर्भिक संरचना र सम्पदा लोप हुँदै गएका छन् । चाहे सडक फराकिलो पार्ने बहानामा होस् या ठूला–ठूला भवन निर्माण गर्ने प्रतिस्पर्धामा नै किन नहोस्, विगतमा देखिएका फराकिला ठाउँहरु अहिले साँघुरो बन्दैछन् जसअन्तर्गत विश्व सम्पदाकै रुपमा परिचित रहेका क्षेत्रहरु समेत दिनानुदिन अतिक्रमणको मारमा पर्न थालेका छन् । अझ अहिले पनि ७२ सालको महाभूकम्पको निशानामा परेका कयौँ सम्पदाहरु अझै उठ्न सकेका छैनन् । सम्पदाप्रति रहेको उदासीनताले हाम्रो मौलिक अस्तित्व र धरोहर खतरामा पर्दै गएको छ । इतिहासको महत्वपूर्ण कालखण्डको प्रतिनिधित्व गर्ने त्यस्ता संरचनाहरु दिनानुदिन खतरामा पर्दै जानु भनेको हाम्रो पहिचानमै संकट आउनु पनि हो । सम्पदा संरक्षणको सन्दर्भमा चाहे ती मूर्तिहरु होऊन् वा गजुरहरु, चाहे ती भवनहरु हुन् वा काठका टुक्राहरु हरेकको मूल्यवत्ता छ, जसलाई कम आँक्ने भूल नगरौँ । देशको समृद्धिसँग प्रत्यक्ष जोडिएका सम्पदाहरुको मर्मत सम्भारदेखि पुनर्निमार्णका कार्यमा तदारुकता देखाई तिनीहरुको संरक्षण तथा सर्वद्धनमा तीनै तहका सरकारले गम्भीर भएर सोच्न जरुरी छ ।

### Opinion @ Social Network

मानिसहरुलाई के थाहा पानी जस्तो देखिने
आशुले पनि आगोले जस्तो पोल्छ भनेर ।

*(युवराज गरंजाको फेसबुक स्टाटस https://www.facebook.com/yubraj.garmaja)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।


**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ‘पाल्पाका भैरवनाथ’ पुस्तक : एक संक्षिप्त परिचय




लेखकद्वय राम ज्ञवाली र नवराज ज्ञवालीद्वारा लेखिएको ‘पाल्पाका भैरवनाथ’ नामक पुस्तक हालसालै प्रकाशित भएको छ । यो पुस्तक भैरवनाथ मन्दिर व्यवस्थापन समिति, रिब्दीकोट-४, पाल्पाले प्रकाशन गरेको हो । खोज अनुसन्धान विधाको यो कृतिको प्रकाशन मिति २०८० मंसिर १९ (भैरव कृष्णाष्टमी)रहेको छ । यो पुस्तक १००१ प्रति छापिएको छ । भैरवनाथ मन्दिरका संस्थापक पराक्रमी राजा मणि मुकुन्दसेन एवं भैरवप्रति श्रद्धा, आस्था र विश्वास राख्नु हुने सम्पूर्ण भक्तजनहरुमा यो पुस्तक समर्पण गरिएको छ । पुस्तकको प्रकाशनमा २० वटा शुभकामनाहरु प्राप्त भएका छन् । सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’, सम्माननीय मन्त्रीपरिषद्का पूर्व अध्यक्ष खिलराज रेग्मीज्यूबाट समेत प्राप्त शुभकामनाले पुस्तकको गरिमालाई थप वृद्धि गरेको छ ।

‘पालपाका भैरवनाथ’ पुस्तकप्रति विश्लेषणात्मक अवलोकन शीर्षक राखी ख्यातीप्राप्त साहित्यकार, इतिहासविद् एवं संविधानसभा सदस्य श्री सूबसेनज्युले यो पुस्तकको निकै गरिमायुक्त भूमिका लेख्नु भएको छ । भूमिका लेखनमा उहाँले प्रस्तुत पुस्तकको समग्र झलक नै प्रस्तुत गर्नु भएको छ । उहाँले यस पुस्तकलाई ‘महाग्रन्थ’ नै मान्नु भएको छ । जम्मा ५३४+७० पेज भएको, सेनकालीन पाल्पाको इतिहास, भैरवनाथ मन्दिरको इतिहास, धर्म संस्कृति सम्बन्धी विशद् चर्चापरिचर्चा तथा विविध सर्जकहरुका विचारहरु समेत समेटिको यो कृति साँच्चै नै बृहद् ग्रन्थ बन्न सफल भएको छ । भूमिकामा सूबसेनज्यूले भन्नु भएको छ, “यसरी लेखकद्वय द्वारा लिखित पाल्पाको भैरवनाथ एउटा गहकिलो ग्रन्थ हो । यसमा पालपा पहिले र पछि हालसम्मकै पाल्पाली जीवन दर्शनको साङ्गोपाङ्गो रुप आएको छ । पाठक एवं भावी पुस्तको लागि कामधेनु गाई बनेको छ । गौमाता बनेको छ । जसले जे चाह्यो, त्यही पाउने छ । यसर्थ लेखकद्वय गहनस्तरका गुरु बन्नु भएको छ । उहाँहरुको साधनामा फुलेका फूलका रुपमा सुनौलो ग्रन्थको सिर्जना भएको छ ।” उहाँले थप लेख्नु भएको छ “यसले पाल्पाली संस्कृति, इतिहास र यसको व्यापक रुप नेपाल राष्ट्रको पहिचान अस्तित्व र व्यक्तित्वलाई युग युगसम्म रहने गरी अजम्वरी बनाएको देखिन्छ ।” मन्दिर व्यवस्थापन समितिका अध्यक्ष गोविन्दबहादुर पोखरेलले पुस्तकका प्रति अत्यन्तै महत्वपूर्ण मन्तव्य व्यक्त गर्नु भएको छ । आफ्नो कार्यकालमा केही गरौं भन्ने हुटहुटीले गर्दा ५०० वर्ष पुरानो भैरवनाथ मन्दिरको इतिहास लेखाउन उहाँ उत्प्रेरित हुनु भयो । उहाँमा सकारात्मक सोच र दृढ इच्छाशक्ति नभएको भए यो कृति यो रुपमा आउने वातावरण पक्कै बन्ने थिएन । उहाँ भन्नु हुन्छ, ‘आफ्नो कार्यकालमा सम्भव हुने विशेष कर्म के हुन सक्ला भन्ने विषयमा मन्थन गर्दा, गहिरिएर सोच्दा ऐतिहासिक पुस्तक लेखन प्रकाशन गर्न सके त्यो कर्म साँच्चिकै, अर्थपुर्ण र स्मरणीय हुने कुरा मैले सुझाव र सल्लाहको रुपमा पाएँ ।’ वास्तवमा यही कुरानै यस कृतिको रचना गर्भ हो भनी मान्न सकिन्छ । यसैगरी मन्दिरका व्यवस्थापक मीनबहादुर वुढाथोकीले पनि पुस्तकको प्रकाशकीय लेख्नु भएको छ र यस पुस्तकलाई भैरवनाथ मन्दिर चिनाउने महत्वपूर्ण दस्तावेजको रुपमा मान्नु भएको छ ।




पुस्तकमा २४ वटा परिच्छेदहरु छन् । सन्दर्भ सामग्रीको सुची र परिशिष्ट खण्ड अन्तमा दिइएको छ । पहिलो परिच्छेदमा पाल्पा जिल्ला तथा रिब्दीकोटको संक्षिप्त परिचय दिइएको छ । दोश्रो परिच्छेदमा नेपालका मठमन्दिर, तीर्थ, मेला, जात्रा र चार्डपर्व बारेमा उल्लेख छ । तेश्रो परिच्छदेमा पाल्पाका केही मन्दिरहरु बारे, चौथोमा धर्म, मन्दिर र आस्थाका सम्बन्धमा तथा पाँचौंमा तन्त्रशास्त्र र यसको महत्व बारे चर्चा गरिएको छ । छैंठौं परिच्छेदमा भैरव र नाथको चिनारी विशेषता एवं स्वरुप बारेमा, सातौँ परिच्छेदमा विविध भैरवका विशेषता बारेमा तथा कालभैरव र बटुक भैरवको चिनारी एवं विशेषता आठौं परिच्छेदमा वर्णित छ । मच्छिन्द्रनाथ, गोरखनाथ र नवनाथको बारेमा नवौं अध्यायमा उल्लेख छ । भैरवनाथ मन्दिरका स्थापनाकर्ता राजा मणि मुकुन्दसेनको जीवन र कर्मको इतिहास दशौँ परिच्छदेमा दिइएको छ ।

एघारौं परिच्छेद यस पुस्तकको मूल परिच्छेद मान्न सकिन्छ । ‘पाल्पाका भैरवनाथ’ यसको शीर्षकबाटै पुस्तकको नामकरण गरिएको छ । मन्दिर स्थापना सम्बन्धी विभिन्न कथाहरु, मन्दिरको भौगोलिक जानकारी र विशेषता, पूजा पद्धती र भाकलको मनोविज्ञान आदि बारे सविस्तार व्याख्या विश्लेषण गरिएको छ । बाहौँदेखि सत्रौँ परिच्छदेसम्म मन्दिरमा चढाइने रोट, बली परम्परा, मन्दिरका अभिलेखहरु, कलाकृतिहरु, मन्दिरमा गरिने पाठ तथा मन्त्र जप, मन्दिर परिसर र सेरोफेरो बारे बताइएको छ । अठारौंदेखि वीसौं परिच्छेदसम्ममा पूर्णकोट, कोत्रेडाँडा, भारकोट टुँडिखेल, सामाकोट कीटको पहाड आदि मन्दिर सेरोफेरोका चर्चित स्थानहरु, मन्दिरको विविध पक्षीय महत्वका बारेमा व्यापक चर्चा गरिएको छ । एक्कासौं र बाइसौं परिच्छेदमा मन्दिरका बारेमा अन्य सर्जकहरुका रचनाहरु समेत समावेश गरिएका छन् । गीत, भजन, मुक्तक, हाइकु, गद्यकविता, पद्यकविता, फागु गीत, तीज गीतमा विभिन्न सर्जकहरुले मन्दिरका बारेमा गरेका सिर्जनाहरु पेश गरिएको छ । त्यस्तैगरी विभिन्न लेखकहरु, समीक्षकहरु, इतिहासविद्, कथाबाचक, प्रशासकीय व्यक्तित्व, मिडियाकर्मी, राजनीतिक व्यक्तित्व, जनप्रतिनिधि एवं स्थानीय बुद्धिजीवीहरुका कलमबाट समेत मन्दिरका बारेमा विविध रचनाहरु प्रस्तुत भएका छन् । तेइसौँ र चौबीसौँ परिच्छेदमा इतिहासदेखि वर्तमानसम्म मन्दिर व्यवस्थापन समितिको गठन,पदाधिकारीहरुको नामावली, विविध समितिले गरेका निर्माण कार्यहरु, विविध कालखण्डमा गरिएका महोत्सव, प्रकाशन र सामाजिक योगदानहरु, मन्दिरको गुरुयोजना, आम्दानी खर्च विवरण तथा भक्तजनहरुका लागि गरिएको मार्गदर्शन समेत प्रस्तुत छ ।

यो पुस्तक लेखन र सम्पादन गर्दा प्रयोग गरिएका सन्दर्भ सामग्रीहरुको सूची समेत पेश भएको छ । पुस्तक तयारी गर्दा नेपाली भाषाका ७६ वटा पुस्तकहरु र ६ वटा लेखहरु, अंग्रेजी भाषाका ९ वटा पुस्तकहरु र ६ वटा लेखहरुबाट सन्दर्भ सामग्री जुटाइएको देखिन्छ । कैयौं पुराना अभिलेखहरुको समेत अध्ययन गरिएको पाइन्छ । यो पुस्तक तयार गर्दा निक्कै ठुलो मिहनेत र अध्ययन गर्नु परेको प्रमाण यसैबाट मिल्दछ । मन्दिरसँग सम्बन्धित ४८ वटा रंगीन तस्वीरहरु पुस्तकको अन्तिम पृष्ठहरुमा छापिएका छन् । सिर्जना तथा लेख उपलब्ध गराई सहयोग गर्नु हुने ५४ जना र विविध प्रकारले सहयोग गर्नु हुने ५० जना व्यक्तित्वहरुको सूचि समेत उल्लेख छ ।

प्रस्तुत पुस्तक भैरवनाथ मन्दिरको एकसरो वर्णन होइन । यो इतिहासको पुस्तक हो, धर्मशास्त्र र संस्कृतिको पुस्तक पनि हो । यसमा हिन्दु धर्मका विभिन्न शाखा, प्रशाखाहरुको बारेमा ज्ञान प्रदान गरिनुका साथै बौद्धधर्मका महायान, वज्रयान, सहजयान आदि शाखाहरुमा समेत प्रसङ्ग अनुसार वर्णन गरिएको भेटिन्छ । मन्दिरको विकासमा विविध समयमा योगदान गर्नेहरुको विवरण पनि यसमा पाइन्छ । इतिहास लेखनमा जश भन्दा बढी अपजश पनि मिल्न सक्दछ । पुस्तकमा ‘म कहाँ छु ?’ भनेर खोज्नेहरुले यसको प्रशान्त महासागरीय गरिमालाई बुझ्न सक्दैनन् । यो आकार र आयाममा पुस्तक लेखिदा पक्कै पनि केही कसरमसरहरु भेटिन्छन्, त्यसलाई आगामी संस्करणमा हटाउनु पर्दछ । सेनकालदेखि आजसम्मको पाल्पाको इतिहास, संस्कृति र भूगोल, भैरवनाथ मन्दिर र भैरव देवताको बहुआयामिक खोज र अन्वेषण, हिन्दु धर्म र दर्शनको गहिराई यस पुस्तकमा पाउन सकिन्छ । यी चीजहरु पाठकका निम्ति अमूल्य रत्न हुन् । यो पुस्तक समाज र राष्ट्रका निम्ति एक बहुमूल्य उपहार हो, यद्यपि व्यक्ति अनुसार आ-आफ्नै ठम्याइ रहलान् । लेखकको विशद् ज्ञान र मेहनत एवं मन्दिर व्यवस्थापन समितिका अध्यक्षाको संकल्पको त्रिवेणीमा हामीहरुलाई यो मूल्यवान ग्रन्थ प्राप्त भएको छ । लेखक र प्रकाशकलाई साधुवाद ।

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : गलत निर्णय लिन पुगिनेछ । चोटपटकको भय छ सचेत रहनुहोला । | **तुला** : महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । शिक्षामा सफलता मिल्नेछ । |
| **वृष** : कुनै कुराले मनमा शान्ति छाउनेछ। यात्राको लागि विशेष अवसर मिल्नेछ । | **वृश्चिक** : महत्त्वपूर्ण कार्यमा आइपर्ला । मान्यजनको सुझाव अप्रिय पनि लाग्नेछ । |
| **मिथुन** : सुखमा रमाउने समय छ । अधिकार प्राप्तिका लागि लड्ने समय छ। | **धनु** : रोकिएको धन हात पर्ला । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **कर्कट** : लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । साथीभाइसँग समय बित्नेछ। | **मकर** : चिन्ताले सताउने छ । नजिकका व्यक्तिहरुसँग झगडा पर्न सक्नेछ । |
| **सिंह** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । सरकारी निकायको भय रहनेछ । | **कुम्भ** : सेमिनारमा सहभागी भइएला । प्रयत्न गरे फाइदा लिन सकिनेछ । |
| **कन्या** : अवसर आउनाले मन प्रसन्न रहनेछ । नयाँ व्यक्तिसँग भेटघाट हुनेछ । | **मीन** : नसोचेको ठाउँबाट धनागम हुनेछ। मनोरञ्जनमा सहभागिता भइएला । |




बाल कथा

# बचत गर्ने तरिका



पैसा बचत गर्नु राम्रो हो । कमाइको केही प्रतिशत बचत गर्ने गर्ने बानी बसाउनुपर्छ, जसले परेको बेला काम दिन्छ तर बचत गर्ने तरिका भने मिलाउनुपर्छ । अन्यथा सुखको सट्टा दु:ख पाइन्छ । बचतका लागि बैङ्क वा कुनै सहकारी संस्थाहरू उत्तम हुन सक्छन्, जसले पैसा सुरक्षित गरी पनि दिन्छ र चाहिएको बेला ब्याज सहित फिर्ता पनि पाइन्छ । कस कसैको घरमै कुनै तरिकाले बचत वा सुरक्षा गर्ने बानी पनि हुन्छ । कोही खुत्रुकेमा राख्लान् कोही घरकै कुनै कुनातिर गाडेर राख्लान् । यो भने जति सजिलो हुन्छ त्यति नै जोखिम पनि । यस्तो गर्दा यदाकदा ब्याज होइन कति बेला साँवा नै समाप्त हुन पुग्छ पत्तै हुँदैन । भाइबहिनीहरूका जानकारीका लागि यहाँ एउटा यस्तै कथा प्रस्तुत गरिएको छ । धेरै पहिलेको कुरा हो ।

एउटा गाउँमा एक जना जमिनदार बस्थे । उनी जति धनी थिए त्यति नै कन्जुस पनि । खाई नखाई सम्पत्ति त कमाउँथे तर सुरक्षा गर्न भने जान्दैनथे । बैङ्कमा राख्दा वा कसैलाई दिँदा खाइदिन्छन् भन्ने डर थियो । त्यसैले जो भएको पैसाले सुन किन्थे र गालेर डल्लो पारी खेतमा लगेर कुनै रुखको फेदमा गाड्ने गर्थे तर उनलाई यतिमै सन्तुष्टि भने हुँदैनथ्यो । कुनै चोरले उठाएर जान्छ कि भन्ने डरले गर्दा प्रत्येक दिन बिहान गएर सुनको डल्लो गनेर आउने गर्थे । उनको यस्तो व्यवहार नियमित दिनचर्या जस्तै बनेको थियो । प्रत्येक दिन बिहान उठ्नासाथ गाडेको सुन गनेर नआई अन्य कामै गर्दैनथे । सुनका डल्ला सहीसलामत पाएपछि मात्र सन्तुष्टि मिल्थ्यो र अन्य काम गर्न जाँगर लगाउँथे । दिन बित्दै गयो उनको नियमित दिनचर्या पनि चली नै रह्यो तर समय न हो सदा एकनासको कहाँ हुन्थ्यो र । एक दिन सदाझैँ सुनको डल्लो गनिरहेका थिए एक जना गाउँकै कुनै नामुद चोरले देखेछ र त्यसै रात उठाएर लगेछ ।

*एउटा गाउँमा एक जना जमिनदार बस्थे । उनी जति धनी थिए त्यति नै कन्जुस पनि । खाई नखाई सम्पत्ति त कमाउँथे तर सुरक्षा गर्न भने जान्दैनथे । बैंकमा राख्दा वा कसैलाई दिँदा खाइदिन्छन् भन्ने डर थियो । त्यसैले जो भएको पैसाले सुन किन्थे र गालेर डल्लो पारी खेतमा लगेर कुनै रुखको फेदमा गाड्ने गर्थे तर उनलाई यतिमै सन्तुष्टि भने हुँदैनथ्यो । कुनै चोरले उठाएर जान्छ कि भन्ने डरले गर्दा प्रत्येक दिन बिहान गएर सुनको डल्लो गनेर आउने गर्थे । उनको यस्तो व्यवहार नियमित दिनचर्या जस्तै बनेको थियो । प्रत्येक दिन बिहान उठ्नासाथ गाडेको सुन गनेर नआई अन्य कामै गर्दैनथे । सुनका डल्ला सहीसलामत पाएपछि मात्र सन्तुष्टि मिल्थ्यो र अन्य काम गर्न जाँगर लगाउँथे । दिन बित्दै गयो उनको नियमित दिनचर्या पनि चली नै रह्यो तर समय न हो सदा एकनासको कहाँ हुन्थ्यो र । एक दिन सदाझैँ सुनको डल्लो गनिरहेका थिए एक जना गाउँकै कुनै नामुद चोरले देखेछ र त्यसै रात उठाएर लगेछ ।*

भोलिपल्ट सेठजी सुनको डल्लो गन्न त गए तर त्यति बेलासम्म चोर सुन गएर उठाएर हिँडेछ । भोलिपल्ट गएर सुन हेर्दा नपाएपछि सेठजीको होस उड्यो । नउडोस् पनि किन ? उनको जीवनभरको कमाइ जो सकिएको थियो । उनी छाती पिटेर लौ सकिएँ भन्दै रुन कराउन लागे । संयोगवश कुनै सज्जन त्यतैबाट कतै जाँदै रहेछन् । सेठ रोएको हेर्न सकेनन् र नजिकै सोधे- 'होइन हो दाजु ! किन खेतको गरामा बसेर यसरी एकाबिहानै रुँदै हुनुहुन्छ ? के भयो तपाईलाई ? खुलस्त पार्नुस् सकेको सहयोग गर्नेछु ।' उनको कुरा सुनेर सेठजीले निन्याउरो मुख लगाउँदै भने- 'के भनौँ महाशय ! नराम्ररी लुटिएँ । अहिलेसम्म खाई नखाई जम्मा पारेको सम्पत्ति एकै रातमा सिरीखुरी भए छ । अब के हेरेर चित्त बुझाऊँ ।' त्यसपछि सज्जनले आश्चर्य मान्दै सोधे-'ठिकै छ, त्यसको पनि खोजी हुँदै जाला तर पहिले यो त बताउनुस् कि सम्पत्ति कहाँ राख्नुभएको थियो ?'

उनको कुरा सुनेर सेठजीले बेलिबिस्तार लगाउँदै भने-'आफूले कमाएको सम्पत्ति सुरक्षित गर्न उद्देश्यले सुन किनेर यही रुखको फेदमा गाड्ने गरेको थिएँ । आज के दशा लागेछ कुन्नि असतीहरूले त्यसलाई पनि देख्न सकेनन् र उठाएर लगेछ, सत्यानाश होस् त्यसको ।' 'के भन्दै हुनुहुन्छ ? साँच्चै सुन यही रुखको फेदमा गाड्नुभएको थियो ?' 'हो यहीँ गाडेको थिएँ ।' 'घरमा न राखेर किन यता राख्न ल्याउनु भएको त ?' 'के भनौँ महाशय' गाउँमा चोरको बिगबिगी छ । यतिका सम्पत्ति घरमा राख्दा कसैले चोरिदियो भने ? यसैको डरले यहाँ राख्न ल्याएको थिएँ ।' 'ए कुरा त्यसो पो हो ?' 'हो, सत्य यही हो ।' 'त्यसो भए एउटा जुक्ति सिकाउँछु मान्नु हुन्छ ?' 'त्यसले के हुन्छ र ? के चोरिएको सुन पनि फिर्ता आउँछ ?' 'मान्नुस् फिर्ता पाए सरह नै हुनेछ ।' 'त्यसो भए एउटा होइन दस वटा जुक्ति पनि मान्न तयार छु ।'

कथा त्यसपछि सज्जनले सम्झाउँदै भने- 'तपाईको सुन जति किलो थियो एउटा बोरामा त्यही बराबरको ढुङ्गा राखेर यसै स्थानमा गाडी दिन्छु । दिनदिनै आएर त्यसैलाई हेर्नुस् चोरी हुने डर पनि हुन्न र सुनले गर्ने काम पनि गर्छ ।' 'कहाँ त्यसरी हुन्छ ?' 'किन हुँदैन ?' 'कतै सुनले गर्ने काम पनि ढुङ्गाले गर्न सक्छ ?' 'सक्छ नि किन नसक्ने ? तपाईको सुन पनि यहीँ गाडिन्थ्यो, जसलाई दिनदिनै आएर हेर्नुहुन्थ्यो । यस बाहेक त्यस सुनको कुनै काम थिएन । त्यति काम त ढुङ्गाले पनि गर्न सक्छ नि होइन र ?' बल्ल सेठजीको घैँटोमा घाम लाग्यो । उनी पुर्पुरोमा हात राखेर घरतिर लागे । यस कथामा के कति सत्यता छ त्यो त थाहा छैन तर कमाएको सम्पत्ति खर्च र बचत गर्न नजान्दाको परिणाम भने जहाँ पनि यस्तै हुन्छ ।

*-रातोपाटी डटकम*

निबन्ध — तीर्थ सिग्देल

# कुकुरहरू मान्छे बन्ने तरखरमा

रातभरी निदाएको कुकुर जुरुक्क उठ्यो । आङ तान्यो, जिउ तंग्र्यायो, अनि हिँड्ने सुर कस्यो । कुकुरले मतिर हेर्दै भन्यो, 'दाजु, बिहानै कता ?' मसँग उत्तर थिएन । ऊ रातभर डिउटी गरेर बिहान यसो झकाएको मात्र रहेछ । मेरो गाडीको आवाजले उसको निद्रा खलबल्याएछ क्यारे । सायद ऊ मसँग भित्रैदेखि मुरमुरिएको हुनुपर्छ । कुकुरको धर्म भुक्नु हो । तर ऊ दिउँसो भुक्दैन । खै किन हो ? म ऊ राति राति मात्र भुकेको सुन्छु । उसले आजसम्म कसैलाई टोकेको देखेको छैन । खै किन हो ? कुकुर भएर पनि ऊ कसैलाई टोक्दैन । मैले उत्तर दिएँ, 'बिहान यसो चिचुमा नि ।' सायद उसले कुरा बुझेन । मान्छे हो र, कुरा बुझ्ने । तैपनि उसले कुरा बुझेजस्तै गरेको हाउभाउ गऱ्यो । पुच्छर हल्लायो, जिउ मर्कायो अनि दुई वटा खुट्टा अगाडि फैलाएर मेरो अगाडि नतमस्तक भयो । यति कुरा त कुकुरले बरु बुझ्यो । मान्छेले त यति कुरा पनि बुझ्दैनन् ।

अर्थात्, बुझेर पनि बुझ पचाउँछन् । थाहा नपाएजस्तै अभिनय गर्छन् । कुकुरहरू पीडामा छन् । पुनर्जन्म सम्बन्धी एउटा धार्मिक मान्यता सुनेको थिएँ, ८४ लाख जुनी मध्ये कुकुरको जुनी अन्तिम हो रे । यो कुरामा कति सत्यता छ, थाहा छैन । तर मेरो टोलका कुकुरहरू अब अर्को जुनीमा मान्छे बन्ने तरखरमा छन् कि जस्तो लाग्छ । मेरै घरमा जन्मिएको त्यो कुकुरका भाइ बहिनीहरु अकालमै मरे । सडक दुर्घटनामा परे । सायद ती कतै मान्छे भएर जन्मिसके कि ? सडक कुकुरहरूका लागि कालजस्तै हो । धेरै कुकुरहरू सडकका बिचमा मरिरहेको देखिन्छन् । उनीहरूले स्वाभाविक मृत्यु रोजका हुन् कि मान्छे अधर्मी भएका हुन् ? यो कुरा मैले पत्ता लगाउन सकेको छैन । बेलाबेला यस्तो पनि लाग्छ । सायद कुकुरहरूलाई ८४ लाख जुनी पार गर्न कठिन भइरहेको छ । त्यति लामो समय पार गरेर मान्छे बन्न हतारो भएर पो हो कि उनीहरू सडकमा लम्पसार बनेर सुतिरहेका । अनि बेलाबेला फेरि यस्तो लाग्छ, म पनि त भर्खरै कुकुरको जुनी पार गरेर मान्छे बनेको हुँ नि । त्यही भएर म मेरा टोलका कुकुरहरू प्रति खासै दुराशय राख्दिन । नभुक्ने कुकुर देख्दा अझ माया लाग्छ, त्यही भएर म कुकुरहरूलाई बिस्कुट खुवाउँछु । चिसो भातमा दूध तताएर खान बोलाउँछु, चोए...चोए । मेरै घरमा जन्मिएर सडक दुर्घटनामा नमरी बाँचेको एउटा भाइ कुकुरको अनुहार ठ्याक्कै मेरै हजुरआमाको जस्तो देख्छु । मेरो छेवैमा आएर ऊ लुटपुटिँदा म मेरी हजुरआमाको छेउमा पुगेर बसेको सम्झिन्छु । अनि मान्छेहरूका सुरक्षामा रातभर नसुती ड्युटी गर्ने कुकुरहरूको कर्म निस्वार्थ लाग्छ मलाई । अलि पर एउटा प्लाइउड फ्याक्ट्री छ । त्यहाँ सुरक्षाका लागि गार्ड राखिएका छन् । ती गार्ड तनखा लिन्छन् तर कुकुरहरूले मान्छेसँग तनखा लिएको मैले आजसम्म देखेको छैन । कतै तलब पाइनँ भनेर हडताल गरेको सुनेको छैन । न ड्युटी छाडेर भागेको देखेको छु । बरु अझ इमानदार बनेर आफ्नो कर्तव्य पथमा लागिरहेको देखेको छु । त्यही भएर त्यो धार्मिक मान्यतामाथि सत्यता छ कि जस्तो लाग्छ । कुकुरहरू मान्छे बन्ने तरखरमा छन् । कुकुरहरू मान्छेको सेवामा छन् । मान्छे मस्त निद्रामा रहेको बेला कुकुरहरू जाग्राम बस्छन्, तीनै मान्छेको सुरक्षामा । बिना कुनै लोभ, स्वार्थ र फाइदाका लागि अहोरात्र कुकुरहरू खटिरहेका छन् । उनीहरू अन्तिम जुनी सकुशल पार गरेर मान्छे बन्ने सफल अभ्यास गरिरहेका छन् । अब उनीहरू कतै कसैको कोखमा बस्दा मान्छेको रूपमा हुनेछन् । तर मान्छे ...? मान्छे फेरि के हुन्छ ? मान्छे फेरि जन्मिदा के भएर जन्मिन्छ ? मान्छे नै भएर जन्मिन्छ कि उसले पहिलो जुनीमा पुग्नुपर्छ, जसलाई फेरि मान्छे भएर जन्मिन हजारौं वर्ष लाग्छ ? म यस्ता विषयमा जानकार त होइन तर मान्छेले पाएको यो जुनीको सही सदुपयोग नगरेको देख्दा भने मान्छे अब सिधै कुकुर भएर जन्मिन्छ जस्तो लाग्छ किनभने कुकुरहरू मान्छेभन्दा बढी इमानदार देख्छु म । इमान, इज्जत र प्रेस्टिज त बरु तोक्मे बुढाले सिकाउलान् तर मान्छे कुकुरभन्दा बढी बेइमान छ । आफ्नै घर अगाडि दिनरात नि:शुल्क ड्युटी गर्ने राते कुकुर मान्छे घरबाट निस्कँदा पुच्छर हल्लाएर झुकेर अभिवादन गर्छ तर त्यही मान्छेले कुकुरलाई लातले हान्छ । एक मुठी भातको लालसामा कुकुर आफ्नो अन्तिम जुनी काटिरहेको छ, मान्छे बन्ने प्रतीक्षामा । अर्को जुनीमा पुरुष मान्छेको वीर्य बनेर उदाउने लालसामा चिसो रात काटिरहेको छ । मालिकको प्रताडना खपेर भए पनि ऊ अर्को जुनीमा मान्छे बनेको सपना देखिरहेको छ । कसैको कोखमा भ्रुण बनेर बसेको कल्पना गर्छ, कसैको सन्तान भएर आउने बिपनामा । कुकुर मान्छे बन्न प्रयास गरिरहेको छ र मान्छे कुकुर बन्ने हतारोमा छ । कठिन अनि सृष्टिकै लीलामाथि व्यङ्ग्य जस्तो लाग्ने कुकुरहरूको चोला भयानक पीडादायी लाग्छ मलाई । भावना उर्लेर हो या सत्य हो, म बेलाबेला कुकुरहरूको दुर्गति देखेर भावुक बन्छु अनि मान्छेहरूको दु:ख सम्झेर उस्तै बन्छु । बेलाबेला मान्छे र कुकुरहरू बिचमा तुलना गर्छु । मान्छेको चोला पाएर मान्छेले अरूलाई घृणा गरेको आशक्तिपन देखाएर कुकुरले झैँ दाँत देखाएर हाँसिरहेको देखेको छु । पैसाभन्दा पर्तिर जीवन नदखेर अन्धकारमा दौडिरहेको मान्छेहरूलाई झेलेको छु मैले । अनि कुकुरले झैँ मान्छेले मान्छेको खुट्टा टोकेको समाचार लेखेको छु । बरु कुकुरहरूले मान्छेको जीवन बचाएका कथाहरू सुनेको छु । निस्पट्ट अँध्यारो कालरात्रिमा मान्छे कै सुरक्षामा लागि आफू असुरक्षित बनेका घटनाहरू देखेको छु । कुकुरहरूले सडकमा उत्तानो परेर ज्यानको बाजी थापेर कठिन अन्तिम जुनी पार गर्ने कसरत गरेको देखेको छु ।

*-साहित्यपोस्ट डटकम*


**लुम्बिनी प्रदेश सरकार**
**वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय**
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**
**तानसेन, पाल्पा**

## डिप बोरिङ्ग निर्माण सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशन मिति: २०८१/०१/०६ गते)*
*सूचना नं. ०१/२०८०/०८१*

यस कार्यालयको लागि तपशिल बमोजिमको निर्माण कार्य गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त निर्माण व्यवसायीलाई देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१) दरभाउपत्र फाराम खरिद गर्न ईच्छुक निर्माण व्यवसायीले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व. को लागि नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा दर्ता प्रमाण पत्र, मू.अ. कर दर्ता प्रमाण पत्र एवं आ. व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन पेश गरी रु. १,०००/राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२) खरिद गरिएको शिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयको नाममा सम्बोधन गरी शिलबन्दी दरभाउपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सहिछाप गरी शिलबन्दीमा लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस कार्यालयमा तोकिएको समयभित्रै दर्ता गराई सक्नुपर्नेछ । सो शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे खोलिने छ ।

३) दरभाउपत्र खरिद कर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा स्वघोषणा गरेको कागजात शिलबन्दी दरभाउपत्रका साथ पेश गर्नुपर्नेछ ।

४) सिलबन्दी दरभाउपत्र साथ जमानत वापत तपशिलमा उल्लेख गरेबमोजिमको जमानत रकम यस कार्यालयको कार्यालय कोड नं. ३४७०२५००१५ राखी को.ले.नि.का. पाल्पाको रा.बा. बैंक पाल्पा शाखामा रहेको खा.नं. १०००२०००१०००० (एकल कोष धरौटी खाता) मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ७५ दिन अवधी (Validity) रहेको नेपाल सरकारबाट "क" बर्गको मान्यता प्राप्त गरेको बैंकबाट सक्कल जमानीपत्र संलग्न गरी पेश गर्नुपर्नेछ ।

५) DTH प्रविधिबाट बोरिङ्ग निर्माण (जडान) कार्य को अनुभव प्राप्त गरेको निर्माण व्यवसायीले मात्र दरभाऊ खरिद गर्ने पाउने छ।

६) दररेट अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७) म्याद नाघि आएको वा रित नपुगेको वा कुनै पनी शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८) शिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछन् ।

९) शिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमश: कार्यालय खुलेको अर्को दिन हुनेछ ।

१०) शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको फोन नं. ०७५-५२०००७ मा सम्पर्क गरी वा कार्यालयमा आई बुझ्न सकिने छ साथै शिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिने छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | कार्य स्थल | लागत अनुमान अंक भ्याट र बिमा बाहेक | जमानत रकम | दरभाऊ पत्र खरिद दस्तुर रकम |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८०/०८१ | डिप बोरिङ्ग निर्माण | शहिद.व.क्याम्पस रामपुर | ९२०१७९.७५ | रु २६०००.०० | रु १००० |

*डिभिजन प्रमुख*

# आज विश्व सम्पदा दिवस मनाइँदै




**पाल्पा**, वैशाख ५/आज विश्व सम्पदा दिवस । हरेक वर्ष अप्रिल महिनाको १८ तारिखमा यो दिवस मनाउने गरिन्छ । नेपालमा पनि विभिन्न कार्यक्रम गरी आज सम्पदा दिवस मनाइदैछ । विश्व सम्पदा दिवस सन् १९८२ देखि मनाउन सुरु गरिएको हो । दिवसका अवसरमा सम्पदा संरक्षणका आवाज उठ्ने गर्छन् ।

विश्व सम्पदाको संरक्षण तथा सम्वर्द्धनका लागि नयाँ पुस्तालाई जागरुक बनाउन यो दिवस मनाउने गरिन्छ । आज नेपालमा प्रकृतिको संरक्षण, पर्यटन, संस्कृति, जैविक विविधता, पर्यावरण लगायतका क्षेत्रमा सरोकार राख्ने सरकारी निकाय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाको सहकार्यमा विभिन्न कार्यक्रमहरु गरिदै छ । २०७२ सालको भूकम्पले नेपालका महत्वपूर्ण सांस्कृतिक सम्पदामा क्षति गरेको छ । भूकम्पले ३२ जिल्लाका १ हजार ६ सय सम्पदामा क्षति पुगेको थियो । ती मध्ये अति प्रभावित १४ जिल्लाका ७ सय ५३ सम्पदामा क्षति पुगेको थियो । विश्वसम्पदा सूचीमा नेपालका काठमाडौं, पाटन र भक्तपुर दरबार क्षेत्र, पशुपतिनाथ, स्वयम्भू, बौद्धनाथ, लुम्बिनी तथा चितवन र सगरमाथा राष्ट्रिय निकुञ्ज सूचीकृत छन् । तर यि सम्पदाहरुको उचित संरक्षण र प्रवर्द्धन भने हुन सकिरहेको छैन । सम्पदाहरुको संरक्षणको मुल उद्देश्य भनेको नयाँ पिढीलाई सम्पदाहरु र त्यसका इतिहासलाई अवलोकन गर्न मिल्नेगरी जस्ताको तस्तै बचाउनु हो । तर, लोपोन्मुख स्थितिमा पुगेका पुराना कला र ऐतिहासिक सम्पदाहरुको संरक्षणका लागि भने अहिलेसम्म कसैको ध्यान जान सकिरहेको छैन । बहुमूल्य सम्पदाका रूपमा सुचिकृत भएका पुराना स्थान तथा भौगोलिकता नै विश्व सम्पदा क्षेत्रका रुपमा चिनिन्छन् । सन् १९७९ मा पाटन दरबार क्षेत्र, पशुपतिनाथ मन्दिर, वसन्तपुर दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र, बौद्धनाथ स्तुपा, चाँगुनारायण मन्दिर र स्वयम्भूनाथ विश्व सम्पदा सूचिमा राखिएका थिए । विश्व सम्पदा सूचिमा सगरमाथा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्ज पनि रहेका छन् । विश्वले नै मान्यता दिएका कुनै पनि सम्पदाहरु देशका मौलिक पहिचानहरु मात्रै हुँदैनन्, तिनले देशको अर्थतन्त्रलाई समेत टेवा दिइरहेका हुन्छन् । सम्पदाहरुप्रति आन्तरिक तथा बाह्य पर्यटकहरुको बढ्दो आकर्षण रहेका कारणले तिनले धेरैको जीवन निर्वाहमा सहजतासमेत प्रदान गरिरहेका हुन्छन् । विश्व सम्पदाका रुपमा सूचीकृत रहेका संरचनाहरुको राज्यले तत्कालै संरक्षण र संवर्द्धन नगर्ने हो भने भोलि आउने पुस्ताका लागि त्यो केवल किताबमा मात्रै सीमित हुने खतरा छ । त्यसका लागि पनि भोलिको पुस्तालाई गौरव र धरोहरका रुपमा रहेका विश्व सम्पदाहरु उस्तै स्वरुपमा हस्तान्तरण गर्ने जिम्मेवारीबाट राज्य चुक्न हुँदैन ।

# मनाइयो 'रामनवमी' पर्व



**पाल्पा,** वैशाख ५/चैत्र शुक्लपक्ष नवमीको दिन पारम्परागत रुपले मनाइदै आएको रामनवमी बुधबार धूमधामका साथ मनाइएको छ । प्रत्येक वर्ष मर्यादा पुरुषोत्तम भगवान श्रीरामचन्द्रको सम्झनामा मनाइने 'रामनवमी' पर्व देशभर श्रद्धा र भक्तिपूर्वक पूजा आराधना गरी मनाइएको हो ।

असत्यमाथि सत्यको विजय तथा भगवान श्रीरामले त्रेता युगमा आदर्श राजाका रुपमा पुऱ्याएको योगदानको सम्झनामा रामनवमी पर्व मनाइन्छ । यस उपलक्ष्यमा देशभर रहेका भगवान रामचन्द्रका मन्दिरमा पूजापाठ गरिएको छ । त्रेतायुगमा चैत्र शुक्लपक्ष नवमीका भारतको अयोध्यामा राजा दशरथ र रानी कौशल्यावतीको सुपुत्रका रुपमा भगवान विष्णुको अवतार लिएर श्रीरामको जन्म भएको थियो । पुत्र नहुँदा दु:खी रहेका राजा दशरथले ऋषि बसिष्ठको सल्लाहमा पुत्रेष्टि यज्ञ गरेपछि तीन रानीबाट चार पुत्रको जन्म भएको थियो । जनताको भावना अनुसार शासन गर्ने विष्णुको अवतारका रुपमा मनुष्य लोकमा जन्म लिइ आदर्श शासन गरेका राजा रामको स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मिकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने एवं पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ । यस दिन व्रत बसी श्री रामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पूरा हुने र अर्को जन्ममा वैकुण्ठ बास हुने विषय 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ । अयोध्याका राजा दशरथका जेठा छोरा भई भगवान विष्णुको सातौँ अवतारका रूपमा जन्मिएका श्रीरामले मिथिलाका राजा जनककी छोरी सीतासँग विवाह गरेका थिए । उनले संसारबाट पापी तथा दुष्ट राक्षसको नाश गरेको किंवदन्ती छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

खेलकुद समाचार

# नेपालद्वारा साउदी अरेबिया पराजित



**काठमाडौं**, वैशाख ५/एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिता अन्तर्गत समूह चरणको आफ्नो अन्तिम खेलमा नेपालले साउदी अरेबियालाई छ विकेटले पराजित गरेको छ । जितसँगै नेपाल समूह चरणमा अपराजित रहँदै सेमिफाइनलमा प्रवेश गरेको हो ।

ओमानको अल अमेरत खेल मैदानमा भएको बुधबारको खेल वर्षाले प्रभावित भएपछि २० ओभरबाट आठ ओभरमा झारिएको थियो । पहिलो ब्याटिङ गरेको साउदी अरेबियाले नेपाल सामू जितका लागि ७४ रनको लक्ष्य प्रस्तुत गरेको थियो । सो लक्ष्य नेपालले सात दशमलव दुई ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो । नेपालका लागि गुलसन झाले अविजित ३२ रन बनाए । उनले १९ बल खेल्ने क्रममा दुई छक्का र दुई चौका प्रहार गरे । साथै दीपेन्द्र सिंह ऐरीले १७ र कप्तान रोहित पौडेलले १६ रन बनाए भने अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । साउदी अरेबियाका लागि इस्तिक अहमदले दुई विकेट लिए भने उसमान नाजीव र वाजी उल हसनले एक/एक विकेट लिए । टस हारेर पहिले ब्याटिङ गरेको साउदी अरेबियाले निर्धारित आठ ओभरमा सात विकेटको क्षतिमा ७३ रन बनाएको थियो । उसका लागि अब्दुल वाहिदले सर्वाधिक ३७ रन बनाए । उनले १६ बल खेल्ने क्रममा तीन छक्का र तीन चौका प्रहार गरे । त्यसबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । नेपालका लागि करन केसी र अभिनाश बोहोराले दुई/दुई विकेट लिए भने प्रतीस जिसी र ललित राजवंशीले एक/एक विकेट लिए । समूह 'ए'मा रहेको नेपालले पहिलो खेलमा मलेसियालाई पाँच विकेट, दोस्रो खेलमा कतारलाई ३२ रन र तेस्रो खेलमा हङकङलाई आठ विकेटले पराजित गरेको थियो ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

# उच्च मूल्यमा पुगेको सुन बुधबार स्थिर



**पाल्पा,** वैशाख ५/नेपाली बजारमा लगातार उकालो लागेको सुनको मूल्य स्थिर रहेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार उच्च मूल्यमा पुगेको सुन बुधबार स्थिर रहेको हो ।

अघिल्लो दिन कायम मूल्यमै बुधबार सुनको कारोबार भइरहेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ । प्रतितोला १ लाख ३९ हजार २ सय रुपैयाँमा सुनको कारोबार भइरहेको छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य उतारचढाव न्यून रहेपछि नेपाली बजारमा मूल्य स्थिर राखिएको महासंघले जनाएको छ । चाँदीको मूल्य भने घटेको छ । अघिल्लो दिन तोलामा १ हजार ७ सय ५० रुपैयाँ रहेको चाँदी घटेर १ हजार ७ सय १५ रुपैयाँमा झरेको छ । सुनको भाउले यतिबेला विश्व बजार नै तातेको छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । नेपालमा हाल दैनिक २० किलो सुन आयात गर्न सक्ने व्यवस्था छ । वैदेशिक रोजगारमा रहेकाले ५० ग्रामसम्म सुनका गहना ल्याउन पाउने व्यवस्था छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।

गर्मीयाममा लाग्न सक्ने रोगबाट छुटकारा पाउनः
- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुलास्थानमा राखिएका चटपटे, पानीपुरी, म:म, चाउमिन जस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका बस्तुहरु भएमा हटाई सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई